# त्रिभुवन विश्वविद्यालय स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समिति (२०८१) द्वारा क्याम्पस/कलेज निर्वाचन समितिलाई जारी थप निर्देशन

१. क्याम्पस/कलेजले आवश्यकता अनुसार ३ देखि अधिकतम ७ सदस्यीय निर्वाचन आचार संहिता अनुगमन तथा समन्वय समिति गठन गर्न सक्नेछ। साथै विशेष आवश्यकताका आधारमा अन्य समिति समेत गठन गर्न सकिनेछ।

२. संघ/सङ्गठन/समूह दर्ता फारम एजेन्ट संख्या उम्मेदवारी फिर्ता फारम, मुचुल्का ढाँचा लगायत आवश्यक फारमहरु क्याम्पस/कलेजको निर्वाचन समितिले तयार गर्नेछ।

३. स्व.वि.यु. निर्वाचनमा प्रत्यक्ष तर्फ भागलिने "समूह" भन्नाले मतदाता सुचीमा नाम भएका विद्यार्थीहरु मध्येबाट एकजना संयोजक सहित कम्तिमा ११ जना सदस्य रहेको "समूह" बनाउनु पर्नेछ र उक्त समुहको बैठकले त्यस्तो समूह गठन गरेको निर्णय प्रतिलिपि प्रमाणित गरी समूह दर्ता गर्नुपर्ने छ।

४. क्याम्पस विद्यार्थी कल्याण प्रमुख संयोजक वा सदस्य सचिव रहने उल्लेख हुनुलाई निर्बाचन अधिकृत वा निर्वाचन समितिको सदस्य सचिब रहने ब्यबस्थाको रुपमा स्पष्ट गरिएको छ। क्याम्पस विद्यार्थी कल्याण प्रमुख नियुक्त नभएको अवस्थामा क्याम्पस प्रमुखले क्याम्पसका शिक्षकहरु मध्येबाट स्ववियु निर्बाचन प्रयोजनको लागि आवश्यक जिम्मेवारी तोक्न सक्नेछन्।

५. क्याम्पस/कलेजमा स्नातक तह बार्षिक प्रणाली अन्तर्गत प्रथम वर्ष र सेमेष्टरमा माघ ११ गतेसम्म भर्ना भएका विद्यार्थीहरुलाई मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ।

६. क्याम्पस/कलेजमा सेमेस्टर प्रणाली अन्तर्गत स्नातकोत्तर तह प्रथम सेमेस्टरमा माघ मसान्तसम्म भर्ना भएका विद्यार्थीहरुलाई मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ।

७. क्याम्पस/कलेजमा स्नातक तह वार्षिक र समेस्टर प्रणाली अन्तर्गत दोस्रो, तेस्रो .. ... ... सेमेष्टर र वर्षमा भर्नाको सन्दर्भमा ५ दिन अगाडि सम्मको भर्ना तोकिएकोमा उक्त दिन सार्बजनिक बिदा परेमा क्याम्पस/कलेज खुलेको दिनलाई बुझ्नु पर्दछ।

८. डीन कार्यालय र परीक्षा नियन्त्रण कार्यालयले २०८१ फागुन १ गतेदेखि चैत्र ४ गतेसम्म परीक्षा तालिका सार्वजनिक गरी त्यस बीचमा परीक्षा दिएका वा दिईरहेका विद्यार्थीहरु सोही बर्ष र सेमेष्टरका मतदाताको रुपमा रहने तथा मतदान गर्ने समयमा सोही बर्ष र सेमेष्टरको क्याम्पस परिचय पत्र वा प्रवेश पत्रको आधारमा मतदानको ब्यबस्था गर्न सकिनेछ। उक्त अवधिमा परीक्षा दिएका विद्यार्थीहरुलाई माथिल्लो कक्षामा तत्कालै भर्ना हुनुपर्ने बाध्यकारी अवस्था रहनेछैन।

९. त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन सम्बन्धि निर्देशिका २०८१ को दफा १३ को उपदफा ४ मा उल्लेख भएको वर्तमान स्वबियुको पदाबधि सम्बन्धि ब्यबस्थाको सम्बन्धमा त्रिभुवन विश्वविद्यालय शैक्षिक प्रशासन सम्बन्धि नियम २०५० को परिच्छेद ८२ को दफा ३४८ को बुंदा (घ) आकर्षित हुनेछ।

क्रमशः

१०. त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीको मताधिकार कुनै एउटा क्याम्पसको एउटा तहको एउटा कक्षाको लागि मात्र हुनेछ ।

११. बार्षिक/सेमेष्टर प्रणाली अन्तर्गत अन्तिम बर्ष/सेमेष्टरमा यदि सैद्दान्तिक विषय नभएको अवस्थामा उक्त बार्षिक/सेमेष्टरको अवधि साधारणतया एक बर्ष र छ महिनाको हुने भएकोले अन्तिम बर्ष/सेमेष्टर भन्नाले उक्त बर्ष/सेमेष्टर भन्दा अघिल्लो बर्ष/सेमेष्टरको परीक्षा सकिएको दिनदेखि एक बर्ष/छ महिनाको अवधिसम्म मात्र मताधिकार रहने छ । एक बर्ष/छ महिनाको समयावधि पुगेका पुर्ण वा आंशिक तलवी इन्टर्नमा रहेका विद्यार्थीहरुको मताधिकार रहने छैन ।

१२. निर्बाचन तालिकाको क्रमसंख्या ६ र १२ नम्बर बुंदाको कार्यक्रम यथावत हुनेगरी आवश्यकता अनुसार क्याम्पस निर्वाचन समितिले निर्वाचन तालिकामा हेरफेर गर्न, थप आचारसंहिता जारी गर्न र मतदानको दिन आवश्यक परेमा समय थप गर्न सक्नेछ ।

१३. स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको दिन क्याम्पस/कलेज हाताभित्र स्वयं सेवकको ब्यबस्थालाई पुर्ण रुपमा निषेध गरिएको छ ।

सदस्य सचिव

त्रिभुवन विश्वविद्यालय स्ववियु निर्वाचन-२०८१

केन्द्रिय अनुगमन तथा समन्वय समिति,

मितिः २०८१, फागुन १५ गते ।